मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : ३१ ◆ अङ्क : १४९ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८३ बैशाख ५ गते शनिबार (Saturday, 18 April. 2026) नेपाल सम्वत् ११४६ Web : www .purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## अमेरिकन डलर देखाएर...

**काठमाडौं, चैत ४।** ठगीमा संलग्न रहेको अभियोगमा दुई जनालाई बुधबार प्रहरीले पक्राउ गरेको छ।

पक्राउ पर्नेहरूमा काठमाडौं महानगरपालिका-३२ जडीबुटी बस्ने सिन्धुपाल्लोक घर भएका ६० वर्षीय पालसङ तामाङ र काठमाडौं मूलपानी बस्ने सिन्धुपाल्चोक घर भएका ४७ वर्षीय पदमलाल श्रेष्ठ रहेका छन्।

अमेरिकन डलर देखाई सस्तो दरमा सट्टा गरिदिने भनी प्रलोभनमा पारी भक्तपुर चाँगुनारायण

(बाँकी अन्तिम पृष्ठमा)

## मालपोतमा 'टोकन'

### लेखापढी व्यवसायी परिचयपत्र देखाएर प्रवेश गर्न पाउने

पार्थ मण्डल

**झापा, बैशाख ४।** भद्रपुरस्थित भूमिसुधार तथा मालपोत कार्यालय झापाले अनधिकृत व्यक्ति (बिचौलिया) प्रवेशमा कडाइ गरेसँगै सेवा प्रवाहलाई व्यवस्थित, छरितो र पारदर्शी बनाउन टोकन प्रणाली लागू गर्ने भएको छ।

वर्तमान अवस्थामा सेवाग्राहीलाई सेवा प्रवाहमा समस्या साथै घण्टौं पर्खिनुपर्ने कुरालाई लक्षित गर्दै मालपोत कार्यालयले बिहीबार सूचना जारी गरी वैशाख ७ गतेदेखि टोकन प्रणाली लागू गर्ने निर्णय गरेको जनाएको छ।

सूचनामा भनिएको छ- जनशक्ति, क्षमता र संरचनाको आधारमा दैनिक सेवा व्यवस्थापन गर्न ६ वटा मोठ फाँटबाट प्रति मोठ २५ वटा टोकन वितरण गरिनेछ। जस अनुसार दैनिक करिब १५० वटा लिखत पारित तथा निर्णयसम्बन्धी कार्य टोकन प्रणालीमार्फत सञ्चालन गरिनेछ। टोकन बिहान ९ बजे दर्ता चलानी र नागरिक सहायता कक्षबाट वितरण गरिने कार्यालयले जनाएको छ। सेवा लिन आउने सेवाग्राहीले सम्बन्धित कागजातसहित स्वयम् उपस्थित हुनुपर्ने सूचनामा उल्लेख गरिएको छ। कार्यालयले सेवा प्रवाहको क्षमता विस्तारसँगै आगामी दिनमा टोकन संख्या बढाउँदै




लैजाने पनि जनाएको छ।

टोकन प्रणालीमार्फत उपलब्ध सेवाहरूमा लिखत पारित, संशोधन, नामसारी, दाखिला खारेज, प्रतिलिपि, रोक्का र अध्यावधिक रहेका छन्। त्यस्तै टोकन आवश्यक नपर्ने सेवाहरूमा फुकुवा, वर्गीकरण, स्रेस्ता उतार, हालसाबिक र भूमिसुधार फाँटसँग सम्बन्धित कार्यहरू रहने कार्यालयले जनाएको छ। त्यस्तै मालपोत कार्यालयले भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय अन्तर्गत भूमि व्यवस्थापन तथा अभिलेख विभागको निर्देशनपछि सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन नयाँ व्यवस्था लागू गरेको छ।

विभागको पत्र अनुसार कार्यालय परिसरमा अनधिकृत व्यक्तिहरू (बिचौलिया)को प्रवेशमा कडाइ गरिएपनि अब कार्यालयभित्र प्रवेश गर्नका लागि सेवाग्राहीले अनिवार्य रुपमा परिचय खुल्ने कागजात देखाउनुपर्ने व्यवस्था गरिएको छ। कार्यालयले जारी गरेको सूचनामा सेवाग्राहीलाई सहजीकरण गर्न आवश्यक परेमा मात्र भू-सेवा सञ्चालक, कानून व्यवसायी तथा लेखापढी व्यवसायीलाई प्रवेश अनुमति दिइने उल्लेख गरिएको छ।

यस्ता व्यक्तिहरूले भने नेपाल लेखापढी तथा कानून व्यवसायी एशोसिएशन, इकाई समिति भद्रपुरका अध्यक्षबाट जारी गरिएको परिचय-पत्र अनिवार्य रुपमा साथमा राख्नुपर्नेछ। त्यस्तै, सेवाग्राहीलाई आवश्यक कागजातसहित मात्रै कार्यालय आउन तथा आफ्नो कामबाहेक अनावश्यक भीडभाड नगर्न पनि आग्रह गरिएको छ। कर्मचारी बाहेक अन्य अनधिकृत व्यक्तिलाई कुनै पनि फाँटभित्र प्रवेश गर्न पूर्ण रूपमा निषेध गरिएको कार्यालयले जारी गरेको सूचनामा उल्लेख छ। मालपोत भद्रपुरले ९ वटा पालिकालाई सेवा प्रवाह गर्दै आइरहेको छ।

## पाथीभरामा ५० तोला सुन



**ताप्लेजुङ, वैशाख ४।** ताप्लेजुङस्थित प्रशिद्ध धार्मिकस्थल पाथीभरामा दर्शनार्थीले चढाएका सुन तथा चाँदी प्रशोधन (रिफाइन) गरिएको छ। करिब दुई वर्षको अवधिमा सङ्कलन भएका सुन तथा चाँदी पाथीभरा क्षेत्र विकास समितिले रिफाइन गरेको हो।

समितिका जिन्सी शाखा प्रमुख इन्द्र पौडेलका अनुसार विसं २०८० पुस २५ गतेदेखि वि.सं. २०८२ फागुन २५ गतेसम्म मन्दिरमा चढाइएका सुनचाँदी सङ्कलन गरी प्रशोधन गरिएको हो। उक्त कार्य पाथीभरा सुनचाँदी कला व्यवसायी संघको प्राविधिक सहयोगमा सम्पन्न गरिएको समितिले जनाएको छ।

समितिका सूचना अधिकारी नवीन निरौलाका अनुसार करिब २६ महिनाको अवधिमा सङ्कलित ६७ तोला सुन र ४३ किलोग्राम चाँदी रिफाइन गरिएको छ। सुनचाँदी व्यवस्थापन उपसमितिका संयोजक चेतराज घिमिरेले ६७ तोला प्रशोधनपछि ५० तोला ८५ लाल बराबरको २४ क्यारेट (एक नम्बर) सुन प्राप्त भएको जानकारी

(बाँकी अन्तिम पृष्ठमा)

## विभिन्न देश पठाइदिन्छु भन्दै ठगी

**काठमाडौं, चैत ४।** वैदेशिक रोजगारीमा आकर्षक तलबको प्रलोभनमा पारी विभिन्न देश पठाइदिन्छु भन्दै रकम ठगी गरेको अभियोगमा चार जनालाई प्रहरीले पक्राउ गरेको छ।

पक्राउ पर्नेहरूमा काठमाडौं महानगरपालिका-३२ बस्ने रौतहट घर भएका २९ वर्षीय अनन्त कोइराला, काठमाडौं गोकर्णेश्वर नगरपालिका-५ बस्ने इलाम घर भएका ४७ वर्षीय जगतबहादुर खड्का, काठमाडौं महानगरपालिका-२६ बस्ने तारकेश्वर नगरपालिका-६ घर भएका ५४ वर्षीय ज्ञानु श्रेष्ठ र भक्तपुर नगरपालिका-१५ बस्ने रामेछाप घर भएका २२ वर्षीय बिकास श्रेष्ठ रहेका छन्।

पक्राउमध्ये अनन्तले फिनल्याण्ड पठाइदिन्छु भनी १ जनाबाट ३१ लाख १५ हजार ८७ रूपैयाँ, जगतले कतार पठाइदिन्छु भन्दै १ जनाबाट १ लाख ३९ हजार रूपैयाँ, ज्ञानुले युएई पठाइदिन्छु भन्दै १ जनाबाट ३ लाख रूपैयाँ र बिकासले साईप्रस पठाइदिन्छु भन्दै १ जनाबाट ९ लाख रूपैयाँ लिई सम्पर्कविहीन भएको भन्ने उजुरीको आधारमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकूबाट खटिएको प्रहरीले उनीहरुलाई पक्राउ गरेको हो ।

प्रहरीले जगतलाई काठमाडौं महानगरपालिका-३बाट तथा अनन्तलाई काठमाडौं महानगरपालिका-२९बाट ज्ञानुलाई काठमाडौं महानगरपालिका-२६बाट र बिकासलाई भक्तपुर नगरपालिका-१०बाट पक्राउ गरेको हो।

पक्राउमध्ये अनन्तलाई आवश्यक अनुसन्धान तथा कारबाहीको लागि जिल्ला प्रहरी परिसर काठमाडौं पठाइएको छ भने जगत, ज्ञानु र बिकासलाई वैदेशिक रोजगार विभाग ताहाचल काठमाडौं पठाइएको छ।

## बिर्तामोड चिल्ड्रेन अस्पतालद्वारा १५ दिने नि:शुल्क स्वास्थ्य शिविर

**बिर्तामोड, वैशाख ४।** झापाको बिर्तामोडमा रहेको बिर्तामोड चिल्ड्रेन अस्पतालले वैशाख ७ गतेदेखि २१ गतेसम्म नि:शुल्क स्वास्थ्य शिविर सञ्चालन गर्ने भएको छ।

समुदायमा बसोबास गर्ने आमाबुबालाई बाल स्वास्थ्यको महत्व बुझाउँदै उनीहरूको सहज पहुँचमा गुणस्तरीय स्वास्थ्य सेवा पुर्‍याउने उद्देश्यका साथ स्वास्थ्य शिविरको आयोजना गरिएको प्रबन्ध निर्देशक एव्म नवजात शिशु तथा बालरोग विशेषज्ञ डा. रुपक आर्चायले बताए। उनले शिविरले आर्थिक अभावले गर्दा उपचार नपाउने बालबालिकालाई ठूलो राहत मिल्ने विश्वास व्यक्त गरे। विपन्न तथा ग्रामीण क्षेत्रबाट आउने सेवाग्राहीलाई स्थानीय तहको सिफारिसमा थप छुटको व्यवस्था गरिने समेत डा. आचार्यले जानकारी दिए।

बालबालिकाको स्वास्थ्य परीक्षण तथा उपचार सेवा सहज रूपमा उपलब्ध गराउँदै आएको अस्पतालले शिविर अवधिभर ओपीडी सेवा नि:शुल्क प्रदान गर्ने र अन्य सेवाका साथै ल्याब परीक्षणमा २० प्रतिशतसम्म छुटको व्यवस्था गर्ने अस्पतालकी प्रमुख कार्यकारी अधिकृत डा. सुजता मैनाली आचार्यले जानकारी दिइन्।




अस्पतालका प्रमुख कार्यकारी अधिकृत डा. आचार्यका अनुसार नवजात शिशुदेखि बालबालिकासम्मका बिरामीलाई लक्षित गरी विशेषज्ञ चिकित्सक टोलीबाट सेवा प्रदान गरिनेछ। साथै, बाल रोग तथा पोषणसम्बन्धी समस्याको पहिचान र उपचारमा विशेष ध्यान दिइने जनाइएको छ।

अस्पतालले आधुनिक उपकरणसहित २४सै घण्टा सेवा प्रदान गर्दै आएको जानकारी दिँदै आगामी दिनमा पनि यस्ता स्वास्थ्य शिविरलाई निरन्तरता दिने जनाएको छ। अस्पतालकी अध्यक्ष लीला मैनालीले स्वास्थ्यको पहुँचबाट टाढा रहेका बालबालिकाको सेवा गर्नु शिविरको मुख्य उद्देश्य रहेको बताइन्। उनले स्वास्थ्य शिविरमा मौकाको फाइदा उठाउन आग्रह गर्दै एकपटक आफ्ना बालबालिकाको स्वास्थ्यको जाँच गराएर स्वास्थ्यप्रति सजग बन्न सबैलाई आग्रह गरिन्। उनले पत्रकारका छोराछोरीको उपचारमा पनि बिर्तामोड चिल्ड्रेन अस्पतालले २० प्रतिशत छुट दिने प्रतिबद्धता जनाइन्।

पत्रकार सम्मेलनमा अस्पतालका सल्लाहकार संयोजक मदनगोपाल सुब्वाले यो वाल स्वास्थ्यका विषयमा जानकारी लिने सुनौलो मौका भएकाले सबै अभिभावकलाई एकपटक स्वास्थ्य शिविरमा आफ्ना नानीहरु ल्याउन आग्रह गरे। झापा मेडिकल हवका रुपमा परिचित भए पनि बालबालिकाको उपचारका लागि छुट्टै अस्पताल नभएको अवस्थामा बिर्तामोड चिल्ड्रेन अस्पताल जिल्लाकै पहिलो भएको अस्पताल प्रशासनले जनाएको छ।

अत्यधिक जापानिज प्रविधिका उपकरणसहित इको र इसीजीको व्यवस्थासहित २४सै घण्टा विशेषज्ञ चिकित्सक र अनुभवी नर्सिङ स्टाफसहित सेवा प्रवाह गरिरहेको अस्पतालले शिविर अवधिभर औषधिमा पनि विशेष छुटको व्यवस्था गरिएको जनाएको छ।

## ब्राउन सुगरसहित दुई जना पक्राउ

**झापा, वैशाख ४।** भारतीय नम्वर प्लेटको मोटरसाइकलमा लुकाएर ल्याउँदै गरेको ब्राउनसुगर सहित प्रहरीले दुई जनालाई पक्राउ गरेको छ।

झापाको कन्काई नगरपालिका-५स्थित चप्रामारीमा चेकजाँचका क्रममा प्रहरीले दुई जनालाई पक्राउ गरेको हो। झापा गाउँपालिकाबाट सुरुङ्गातर्फ आउँदै गरेको बीआर ३७ आर १८६६ नम्बरको मोटरसाइकललाई कन्काई-५ चप्रामारीमा चेकजाँच गरिएको थियो। सो क्रममा प्लास्टिकसहित ६०८ ग्राम ५०० मिलिग्राम र प्लास्टिकबाहेक ५६३ ग्राम ६२० मिलिग्राम ब्राउन सुगर फेला परेको हो। पक्राउ पर्नेमा एक नेपाली र एक भारतीय

(बाँकी अन्तिम पृष्ठमा)

Advance Pathology Lab

विश्वसनीय स्वास्थ्य परीक्षणको लागि तपाईंको आफ्नै ल्याब
हामीकहाँ आधुनिक प्रविधिबाट सुसज्जित प्रयोगशाला, अनुभवी प्राविधिक र छिटो तथा भरपर्दो रिपोर्टको व्यवस्था छ।

तपाईंको स्वास्थ्य, हाम्रो जिम्मेवारी।

- छिटो र भरपर्दो रिपोर्ट
- आधुनिक मेसिन र अनुभवी टेक्निसियन
- सबै प्रकारका रगत तथा पिसाब परीक्षण
- उचित शुल्कमा गुणस्तरीय सेवा

Advance Pathology Lab
ISO 15189 -2022 certified lab
Birtamode-1, Charpane, Jhapa
023-536070, 9817032003
Email:advancelab2010@gmail.com

## श्रम ऐन कार्यान्वयनमा जोड


**काठमाडौं, चैत ४।** श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले रोजगार सम्झौता नगरी कसैलाई पनि काम नगर्न/नगराउन सरोकारवाला सबैलाई अनुरोध गरेको छ।

मन्त्रालयले शुक्रवार एक विज्ञप्ति जारी गर्दै यस मन्त्रालयमा केही अस्पताल तथा स्वास्थ्य संस्थामा कार्यरत चिकित्सक/स्वास्थ्यकर्मी/नर्सिङ स्टाफलगायत कर्मचारीहरूका साथै अन्य प्रतिष्ठानमा कार्यरत व्यक्तिलाई नियमानुसार श्रम सम्झौता नगरी काममा लगाइएको, प्रचलित कानूनले तोकेकोभन्दा बढी समय काममा लगाइएको भन्ने उजुरी तथा गुनासाहरू प्राप्त भएको विषयमा मन्त्रालयको गम्भीर ध्यानाकर्षण भएको प्रष्ट पारेको छ।

'श्रम ऐन-२०७४को दफा २ (ढ)मा 'रोजगार सम्झौता' भन्नाले रोजगारीको सेवा, शर्त र सुविधाका सम्बन्धमा रोजगारदाता र श्रमिकबीच भएको सम्झौता सम्झनुपर्छ' र सो शब्दले 'रोजगारदाताले श्रमिकलाई दिएको नियुक्ति-पत्र समेतलाई जनाउँछ' भन्ने व्यवस्था छ।

(बाँकी अन्तिम पृष्ठमा)

नव बर्ष २०८३ को शुभकामना




नव वर्ष २०८३को शुभ अवसरमा हाम्रा समस्त अभिभावक महानुभाव, विद्यार्थी, शिक्षक, सरकारी तथा गैह्र सरकारी संघ-संस्थाका पदाधिकारी, शुभेच्छुकलगायत देश तथा विदेशमा रहनु हुने सम्पूर्ण नेपालीजनमा सुख, शान्ति, सु-स्वास्थ्य र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

तेजप्रसाद भट्टराई
प्रिन्सिपल

राजीव धिमाल
प्रबन्ध निर्देशक

एवम् टावर टेम्पल हायर सेकेण्डरी स्कूल परिवार, बिर्तामोड-५, झापा

नव बर्ष २०८३ को शुभकामना

नव वर्ष २०८३ को पावन अवसरमा हाम्रा समस्त अभिभावक महानुभाव, विद्यार्थी, सरकारी तथा गैह्रसरकारी संघ-संस्थाका पदाधिकारी, शुभेच्छुक लगायत देश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपालीजनमा सुख, शान्ति, सु-स्वास्थ्य र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।



लिटल फ्लावर्स इङ्लिस स्कूल परिवार
बिर्तामोड (झापा)

# मेचे समुदायको भाषा र संस्कृति संरक्षणमा जोड

**झापा, वैशाख ४।** लोपोन्मुख मेचे आदिवासी जनजातिको आह्वानः भाषा, संस्कार, संस्कृति र समतामूलक विकासमा हाम्रो अभियान' भन्ने मूल नाराका साथ मेचे समुदायको राष्ट्रिय पर्व 'बैशागु बथर' झापाको बिर्तामोडमा मनाइएको छ ।



बिर्तामोडस्थित अतिथि सदनमा आयोजित शुभकामना आदानप्रदान तथा बृहत् सांस्कृतिक कार्यक्रममा नेपाल र भारतका मेचे समुदायको बाक्लो उपस्थिति थियो ।

आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानका उपाध्यक्ष रेशम गुरुङको प्रमुख आतिथ्य तथा मेचे समाज सिबियारीका केन्द्रीय अध्यक्ष वीरेन्द्र मेचेको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा मेचे समुदायको पहिचान र अधिकारका विषयमा चर्चा गरिएको थियो ।

कार्यक्रमको मुख्य आकर्षण भारतको आसामबाट आएकी प्रख्यात गायिका सुलेखा बसुमतारी थिइन् । ८० वर्षीया बसुमतारीले नेपाली र आसामी गीतहरूमार्फत दर्शकलाई मन्त्रमुग्ध पारिन् । उनले नेपाली चर्चित गायिका कुन्ती मोक्तानको 'कोही भन्छन् जिन्दगानी कर्कलाको पात...' बोलको गीत गाउँदा हलमा रहेका दर्शकहरू उत्साहका साथ झुमेका थिए । उनको प्रस्तुतिले संगीत र कलालाई उमेर, भाषा र भूगोलले छेक्न सक्दैन भन्ने बलियो सन्देश दिएको थियो ।

सोही अवसरमा मेचे समुदायबाट विभिन्न क्षेत्रमा योगदान पुऱ्याउने व्यक्तित्वहरूलाई सम्मान गरिएको थियो । राष्ट्रियसभा सदस्य रोशनी मेचेलाई कार्यक्रमका प्रमुख अतिथि तथा विशिष्ट अतिथिहरूले सम्मान-पत्र र दोसल्ला ओढाएर सम्मान गरेका थिए । साथै, मेचे समुदायबाट पहिलोपटक डाक्टर बन्न सफल, एसईई र कक्षा १२मा उत्कृष्ट अङ्क ल्याउने छात्रछात्राहरू, विभिन्न खेलकुदका राष्ट्रिय खेलाडी तथा प्रशिक्षक र चलचित्र निर्देशकहरूलाई पनि विशेष सम्मान प्रदान गरिएको थियो ।

कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख अतिथि गुरुङ र हल्दिबारी गाउँपालिकाका अध्यक्ष रवीन्द्रप्रसाद लिङ्देनले लोपोन्मुख मेचे जातिको उत्थानका लागि राज्यको विशेष ध्यान जानुपर्ने बताए । भारतको आसामबाट सहभागी पाहुनाहरू- बोडो लेखक राजन बसुमतारी र बीकेडब्लूएसीका कार्यकारी सदस्य प्रदीप स्वर्गियारीले नेपाल र भारतमा छरिएर रहेका मेचे समुदायबीचको सांस्कृतिक सम्बन्धले भावनात्मक एकता बढाउने उल्लेख गरे ।

कार्यक्रममा बिर्तामोड-६का वडाध्यक्ष सूर्यप्रसाद कन्दङ्वा र वडा नं. १०का अध्यक्ष दुर्योधन गुरुङले पनि बैशागु बथरको शुभकामना दिएका थिए । नेपाल र भारतको आसामबाट आएका सहभागीहरू आफ्नै जातीय भेषभूषामा सजिएर आउँदा कार्यक्रम निकै रङ्गीन देखिएको थियो । कार्यक्रममा दुवै देशका कलाकारहरूले मेचे जातिको परम्परागत नृत्यहरू प्रस्तुत गरेका थिए । संस्थाका वरिष्ठ उपाध्यक्ष कमल मेचेले स्वागत गरेको उक्त कार्यक्रमको सहजीकरण केन्द्रीय महासचिव कालु मेचे र सचिव महेश मेचेले गरेका थिए ।

## श्रम ...

विज्ञप्तिमा कानून बमोजिम प्रतिदिन आठ घण्टा र हप्तामा ४८ घण्टाभन्दा बढी समय काममा लगाउन नपाइने, बढी समय काम गर्न बाध्य पार्न नहुने र बढी समय काममा लगाउन परेमा प्रतिदिन चार घण्टा र एक हप्तामा २४ घण्टाभन्दा बढी नहुने गरी लगाउन सकिने भन्ने स्पष्ट कानूनी व्यवस्था रहेको छ । मन्त्रालयले प्रचलित कानूनको पूर्णपालना गर्न ध्यानाकर्षण गराएको छ । साथै, यसविपरीत कार्य गरेको पाइएमा श्रम ऐन, २०७४ बमोजिम कारबाही हुने मन्त्रालयले जनाएको छ ।

## अमेरिकन ...

नगरपालिका-४ चाँगुनारायण मन्दिर नजिक जंगलमा नगद १० लाख रूपैयाँ लिएर आउन भनी सम्पर्क गरेको भन्ने खबर प्राप्त हुनासाथ काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकूबाट खटिएको प्रहरीले घटनामा संलग्न उनीहरूलाई चाँगुनारायण नगरपालिका-४बाट पक्राउ गरेको हो ।

उनीहरूलाई थप आवश्यक अनुसन्धान एवम् कारबाहीको लागि जिल्ला प्रहरी परिसर भक्तपुर पठाइएको छ ।

## ब्राउन ...

नागरिक रहेका छन् । घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ । उता इलाका प्रहरी कार्यालय बुधबारे र के-नाइन शाखा धरानको संयुक्त टोलीले बुधबारे क्षेत्रमा लागूऔषध नियन्त्रणका लागि विशेष चेकजाँच अभियान सञ्चालन गरेको छ ।

कुकुरसहितको विशेष प्रहरी टोलीले बुधबारेका शङ्कास्पद दुई स्थानमा कडाइका साथ चेकजाँच गर्नुका साथै पूर्व-पश्चिम महेन्द्र राजमार्ग क्षेत्रमा निगरानीसमेत बढाएको प्रहरीले जनाएको छ । प्रहरीका अनुसार लागूऔषध ओसारपसार हुने सम्भावित गतिविधिलाई लक्षित गर्दै अभियान सञ्चालन गरिएको हो ।

इलाका प्रहरी कार्यालय बुधबारेका इञ्चार्ज चन्द्र राउतले लागूऔषध नियन्त्रणलाई उच्च प्राथमिकतामा राखिएको बताउँदै यस्ता अभियानलाई निरन्तरता दिइने जानकारी दिए ।

## पाथीभरामा ...

दिए । उनका अनुसार ४३ किलोग्राम चाँदी रिफाइन गर्दा दुई हजार ५४ तोला ३५ लाल बराबरको शुद्ध चाँदी उत्पादन भएको छ ।

भण्डारणमा रहेका सुनचाँदी लिलामीका लागि नयाँ कार्यविधि तयार गरी यथाशीघ्र बिक्री प्रक्रिया अघि बढाउने तयारी भइरहेको कार्यकारी निर्देशक प्रजिन हाङबाङले बताए । पछिल्लो समय सुनको मूल्यमा भइरहेको उतारचढावका कारण लिलामी प्रक्रिया प्रभावित भएको जनाउँदै उनले समितिमार्फत प्रभावकारी र व्यवस्थित प्रणाली अपनाउने तयारी भइरहेको बताए ।


**बिर्तामोडमा 4D भिडियो एक्स-रे र ल्याव सेवा**

वरिष्ठ रेडियोलोजिष्ट **डा. संजयकुमार गुप्ता**द्वारा
**निशा एडभान्स अल्टासाउण्ड एण्ड डायग्नोष्टिक क्लिनिकमा**

- प्रत्येक दिन बिहान ६:०० बजेदेखि ८:३० बजे र बेलुका २:०० बजेदेखि ८:०० बजेसम्म
- पश्चिम बस स्टेण्ड उत्तर, बिर्तामोड–५, झापा

हाम्रा सेवाहरु
- Fetal Echo, Fibro Scan Liver (पहिलोपल्ट)
- विशेषज्ञद्वारा ओ.पी.डी. सेवा
- निसन्तान परामर्श केन्द्र
- 12 Lead ECG,
- सुपथ मूल्यको फार्मेसी सेवा
- अत्याधुनिक प्याथोलोजी ल्याव
- 4D भिडियो एक्स–रे
- Anomaly Scan, TVS
- रक्त नलिको Colour Doppler
- Advance CT Scan




सम्पर्क नं. : ०२३–५९०१९४, ९८०१५६६४७८, ९८१७९८४६४६



**भिटा विक्रीमा**

बिर्तामोड नगरपालिका–१ बाल्मीकि लिङ्कन कलेज दक्षिण डाक्टर कोलेनीसंगैको दक्षिण मोहडा भएको ११ धुर र ९.५ धुर भिटा अर्जेन्ट परेर तु–विक्रीमा रहेकाले इच्छुकले मात्र सम्पर्क गर्नुहोला ।

मो. ९८१७९९०२९९/ ९८२३७२६९७९



नव बर्ष २०८३ को शुभकामना

नव वर्ष २०८३ को पावन अवसरमा हाम्रा समस्त अभिभावक महानुभाव, शिक्षक, विद्यार्थी, सरकारी तथा गैह्रसरकारी संघ–संस्थाका पदाधिकारी, शुभेच्छुक लगायत देश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपालीजनमा सुख, शान्ति, सु–स्वास्थ्य र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**दिपंकर मैनाली** प्रिन्सिपल — **श्रीधर निरस मैनाली** संस्थापक

एवम् **श्री देवकुल अंग्रेजी मा.वि. परिवार**
बिर्तामोड–२, झापा



नव बर्ष २०८३ को शुभकामना

नव वर्ष २०८३को शुभ अवसरमा हाम्रा समस्त अभिभावक महानुभाव, विद्यार्थी, सरकारी तथा गैह्र सरकारी संघ–संस्थाका पदाधिकारी, शुभेच्छुकलगायत देश तथा विदेशमा रहनु हुने सम्पूर्ण नेपालीजनमा सुख, शान्ति, सु–स्वास्थ्य र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**नोटः 'समयमै भर्ना, समयमै ज्ञान, गुणस्तरीय शिक्षा सबैको अभियान'**

**दीपक भट्टराई** प्रिन्सिपल — **चम्पादेवी खनाल** संस्थापक अध्यक्ष

एवम् **प्यारागन एकाडेमी परिवार**
कनकाई–३, झापा



नव बर्ष २०८३ को शुभकामना

नव वर्ष २०८३को शुभ अवसरमा हाम्रा समस्त अभिभावक महानुभाव, शिक्षक, विद्यार्थी, सरकारी तथा गैह्र सरकारी संघ–संस्थाका पदाधिकारी, शुभेच्छुकलगायत देश तथा विदेशमा रहनु हुने सम्पूर्ण नेपालीजनमा सुख, शान्ति, सु–स्वास्थ्य र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**नोटः 'समयमै भर्ना, समयमै ज्ञान, गुणस्तरीय शिक्षा सबैको अभियान'**

**विनोद उप्रेती** प्रिन्सिपल

एवम् **विद्योदय इङ्लिस स्कूल परिवार**
कनकाई–५, चप्रामारी, झापा


## चुलाचुली गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
चुलाचुली, इलाम
कोशी प्रदेश, नेपाल

## सिलवन्दी दरभाउपत्र सम्बन्धी सूचना

**Contract Identification: 01/AG/SQ/082/083**

**प्रथमपटक प्रकाशित मितिः २०८३/०१/०४**

चुलाचुली गाउँपालिका, इलामको चालू आ.व. २०८२/०८३को लागि आवश्यक कृषि सामाग्री वितरण तथा यान्त्रीकरण प्रवर्द्धन प्रयोजनार्थ एग्री ट्रली, स्प्रेयर, मकै रोप्ने र छोडाउने, टनेल प्लाष्टिक आदि लगायतका कृषि सामग्री, यन्त्र, औजार, उपकरणहरु खरिद सम्बन्धी सिलवन्दी दरभाउपत्रको माध्यमद्वारा खरिद गर्नुपर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त योग्य इच्छुक फर्म, उत्पादक संस्था, कम्पनीहरु वा सप्लायर्सले दर्ता कागजात (नवीकरणसहित), आ.व. २०८१/०८२को कर चुक्ता प्रमाण–पत्र तथा PAN/VAT दर्ता भएको प्रमाण–पत्र राखी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र देहाय बमोजिमको शर्तहरुको अधिनमा रही रितपूर्वक सिलबन्दी दरभाउपत्र पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

१. **दरभाउपत्र फाराम खरिद गर्ने अन्तिम मिति र दस्तुर** : २०८३ बैशाख २१ गते सम्ममा कार्यालय समयमा, रु. १०००।– (एक हजार मात्र) फिर्ता नहुने गरी ।

२. **दरभाउपत्र फाराम दाखिला गर्ने मिति, समय र स्थान** : २०८३ बैशाख २२ गते दिनको १२:०० बजेसम्म, चुलाचुली गाउँपालिका कार्यालयमा ।

३. **दरभाउपत्र फाराम खोल्ने मिति, समय र स्थान** : २०८३ बैशाख २२ गते दिनको २:०० बजेपछि, चुलाचुली गाउँपालिकाको कार्यालय ।

४. सिलवन्दी दरभाउपत्रदाता वा निजका प्रतिनिधि उपस्थित नभए पनि दरभाउ–पत्र खोल्न बाधा पर्ने छैन । उक्त दिनहरुमा सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्ट अथवा कार्यालय खुलेको दिन सो कार्य हुनेछ ।

५. आफूले पेश गरेको दरभाउपत्रको दर मूल्य अभिवृद्धि कर सहितको पेश गर्नुपर्नेछ ।

६. विस्तृत जानकारीका लागि गाउँपालिका कार्यालयको खरिद इकाईमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ ।

७. दरभाउपत्र फाराममा दररेट भर्दा अंक र अक्षर दुबैमा उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा लेखिएको दररेट फरक परेमा अक्षरमा लेखिएको दर रेटलाई मान्यता दिइनेछ ।

८. दरभाउपत्र फाराम पेश गर्दा सो साथ आफूले पेश गरेको सामानको जम्मा मूल्यको ३ प्रतिशतले हुने रकम NMB बैंक चुलाचुली शाखामा रहेको धरौटी खाता नं. १०३००६०७४४२०००३७ मा जम्मा गरी सक्कलै बैंक भौचर सामेल राखी पेश गर्नु पर्नेछ वा नेपाल सरकारबाट मान्यता प्राप्त बाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी गरेको दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२० दिन म्याद भएको विड बण्डको सक्कल प्रति पेश गर्नुपर्नेछ । दरभाउपत्र स्वीकृत भएको निर्धारित समयभित्र सम्झौता गर्न नआएमा धरौटी जफत गरिनेछ ।

९. रितपूर्वक पेश नभएको, म्यादभित्र दर्ता नभएको र शर्त राखी पेश भएका दरभाउपत्र फारामहरुलाई मान्यता दिइने छैन ।

१०. दरभाउपत्र स्वीकृत भएपछि गाउँपालिका कार्यालयबाट सम्झौताका लागि बोलाइएको समयमा (म्याद) मा उपस्थित भई सम्झौता गर्नुपर्नेछ । अन्यथा उक्त कामका लागि राखिएको धरौटी रकम जफत गरी ठेक्का तोड्न सकिनेछ ।

११. कोटेशन फाराममा तोकिए बमोजिमको मालसामान बाहेक अन्य मालसामान गाउँपालिकाले स्वीकार गर्ने छैन ।

१२. सामान आपूर्ति गर्दा लाग्ने भाडा आपूर्तिकर्ता स्वयंले व्यहोर्नुपर्नेछ ।

१३. आपूर्तिकर्ताले नेपाल सरकारलाई बुझाउनु पर्ने सम्पूर्ण करहरु बुझाई फरफारक लिई आएपछि मात्र उक्त कामका लागि राखिएको धरौटी रकम फिर्ता दिइनेछ ।

१४. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार गाउँपालिकामा सुरक्षित रहनेछ ।

१५. दरभाउपत्र सम्बन्धी सम्पूर्ण कुराहरु यसमा लेखिए बमोजिम र यसमा उल्लेख नभएको हकमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ (संशोधनसहित) तथा प्रचलित कानून बमोजिम हुनेछ ।


**श्रमको सम्मान गरौं, श्रमिकको अधिकार सुनिश्चित गरौं**

- सुरक्षित र मर्यादित कार्यस्थल सुनिश्चित गरौं,
- न्यूनतम् ज्याला तथा सुविधा समयमै प्रदान गरौं,
- बालश्रम, जवरजस्ती श्रम लगायतका सबै प्रकारका श्रम विभेदको अन्त्य गरौं,
- कार्यस्थलमा स्वास्थ्य तथा सुरक्षा मापदण्ड पालना गरौं,
- श्रमिकहरुलाई सामाजिक सुरक्षा र वीमामा समावेश गराऔं,
- महिला तथा पुरुष श्रमिकबीच समान अवसर र समान पारिश्रमिक सुनिश्चित गरौं,
- श्रमिकको सिप विकास र क्षमता अभिबृद्धिमा जोड दिऔं,
- श्रम ऐन तथा नियमहरुको पालना गरौं,
- श्रमिक र रोजगारदाताबीच सहकार्य र समन्वय बढाऔं ।

**नेपाल सरकार विज्ञापन बोर्ड**



नव बर्ष २०८३ को शुभकामना

नव वर्ष २०८३को शुभ अवसरमा हाम्रा समस्त शेयर सदस्य महानुभाव, कर्मचारी, सरकारी तथा गैह्र सरकारी संघ–संस्थाका पदाधिकारी, शुभेच्छुकलगायत देश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपालीजनमा सुख, शान्ति, सु–स्वास्थ्य र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**चन्द्रकुमार भट्टराई** सचिव — **देवी निरौला बस्नेत** अध्यक्ष

**भेटसुलाल गणेशः** व्यवस्थापक एवम्

**श्री साना मझौला व्यवसायी बचत तथा ऋण सहकारी संस्था लि. परिवार**
बिर्तामोड–१, झापा



नव बर्ष २०८३ को शुभकामना

नव वर्ष २०८३को शुभ अवसरमा हाम्रा समस्त अभिभावक महानुभाव, शिक्षक, विद्यार्थी, सरकारी तथा गैह्र सरकारी संघ–संस्थाका पदाधिकारी, शुभेच्छुकलगायत देश तथा विदेशमा रहनु हुने सम्पूर्ण नेपालीजनमा सुख, शान्ति, सु–स्वास्थ्य र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**नोटः 'समयमै भर्ना, समयमै ज्ञान, गुणस्तरीय शिक्षा सबैको अभियान'**

**तुलसादेवी संग्रौला** प्रिन्सिपल — **दीपक तिवारी** संस्थापक

एवम् **गोलधाप सनसाइन इ.बो. स्कूल परिवार**, हल्दिवारी–१, झापा



नव बर्ष २०८३ को शुभकामना

नव वर्ष २०८३को शुभ अवसरमा हाम्रा समस्त शेयर सदस्य महानुभाव, कर्मचारी, सरकारी तथा गैह्र सरकारी संघ–संस्थाका पदाधिकारी, शुभेच्छुकलगायत देश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपालीजनमा सुख, शान्ति, सु–स्वास्थ्य र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**नोटः 'एकताको बल समृद्धिको आधार, सहकारी हाम्रो साझा आधार'**


**लालबहादुर दाहालः** अध्यक्ष एवम्

**श्री अन्नपूर्ण बचत तथा ऋण सहकारी संस्था लि. परिवार**
बिर्तामोड, झापा


श्रीअन्नु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित – कार्यालय : बिर्तामोड–१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ सह–सम्पादक : सुरेन्द्र भण्डारी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९७०८८२६९०५) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी–९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३–५३१००२/प्रशासन/विज्ञापन : ०२३–५३००४४) Email: purwanchal2052@gmail .com




# देशभक्त



मनु ब्राजाकी

म उनीलाई सदैव दुई प्रकारको पोसाकमा देख्थेँ : दौरा-सुरुवाल, कालो टोपी र खादीको कुर्था-पाइजामा । दुबै थरीको पहिरनमा कालो टोपी र एउटा झोला काँधमा झुन्डिएकै हुन्थ्यो ।

तराईको सहर हुनाले खादीको कुर्था-पाइजामा समाजसेवाको परिचित पोसाक थियो । सरकारी कार्यालयतिर दौरा-सुरुवालमा नै देखा पर्थे । मेरो उनीसित कुनै खास परिचय थिएन, देखादेख मात्र थियो । आज पनि देखेँ ।

म एकजना आफ्नो मित्रकहाँ बसेको थिएँ । उनी पनि त्यहाँ थिए । मेरा मित्र हाकिम थिए र यस विकासोन्मुख देशमा विकसित भइसकेका थिए ।

'म देशभक्त हुँ, नमस्कार !' देशभक्तले मतिर नहेरीकन विनम्रता साथ भने ।

'नमस्कार !' मेरा हाकिम मित्रले सजगता साथ जबाफ फर्काए ।

'सेवाकार्यका लागि निस्केको हुँ । धर्मभक्त, गंगालाल, शुक्रराज र दशरथका लागि केही निर्माण कार्य गर्नुछ । यहाँको के विचार ?'

प्रश्न अप्रत्याशित थियो । मैले देखेँ, देशभक्तका आँखा सर्पनेत्र झैँ सम्मोहक थिए । उनले आफ्नो सर्पनेत्रले कोठाको वैभवको निरीक्षण गरेपछि आँखा हाकिम साहेबको अनुहारमा अड्याए । हाकिम साहेब एकछिन अलमलिए । यस्तो महान् र शुभकार्यमा विचार गर्नु नै के थियो र ?

'कहिलेदेखि यो अभियान शुरु गर्नुभएको ?'

'भयो दुई वर्ष जति । एक्लो छु । धर्मभक्त-गंगालालहरूको पनि यस समाजमा अस्तित्व रहिराखोस् भनेर यस पुनीत कार्यमा संलग्न छु ।'

'निर्माण कहाँ गर्ने ?'

'आफ्नै टोलमा । त्यस टोलमा व्यक्तिहरूले पनि बुझून् धर्मभक्त-गंगालालहरूको पनि यस समाजमा स्थान छ भन्ने ।'

मेरो पत्रकार मनले एक-दुई कुरा अझै सोध्न खोजेको थियो । तर, उनीले आफ्नो गथासो या भनौँ पराक्रम सुनाउन थाले । अर्थात्, आज इतिहासमा नलेखिएका तर सात सालमा घटित भएका प्रसंगहरू केके थिए ।

उनी कसरी जेल गए, कुटाइ खाए, फेरि जेल गए, फेरि कुटाइ खाए इत्यादि-इत्यादि । यी इत्यादिहरूमा सत्य थियो कि थिएन, कुन्नि । उनको उमेरको अन्दाज गर्दा सात सालपछिकै जस्ता लाग्थे ।

एक महिनादेखि यस सहरमा छु भन्ने कुरा देशभक्तले भने । मैले पनि उनीलाई यहाँ देखेको महिना दिन जति भयो । घर काठमाडौं हो रे । दुई वर्षदेखि चन्दा संकलनको अधिराज्यव्यापी अभियानमा व्यस्त छन् ।

हाकिम साहेबले बसी-बसी श्रीमतीलाई अराए, एघार वटा रुपैयाँ लेऊ भनेर । यो सुनेपछि देशभक्तले झोलाबाट चन्दादाताहरूको लिस्ट झिकेर हाकिम साहेबको अगाडि तेर्स्याए । त्यहाँ ठूला-ठूला व्यक्तिहरूबाट ठूला-ठूला रकम प्रदान गरिएको देखियो । एक सय एकभन्दा तलको रकमै थिएन ।

हाकिम साहेबलाई पर्यो फसाद, एउटा पत्रकार मित्रको अगाडि सहिदहरूका लागि निर्माण हुन थालेको कुनै महान् कार्यमा क्षुद्र योगदान दिनु उचित ठानेनन् । एक सय एक रुपैया प्रदान गरियो । देशभक्तले जयजयकार मनाउँदै धर्मभक्त र गंगालालको तर्फबाट आशीर्वाद दिँदै गए ।

यहाँ आएको महिना दिन जति भइसकेको हुँदा म चन्दा माग्न त होइन, सापट माग्न यी हाकिम मित्रकहाँ आएको थिएँ । किनभने यस क्षेत्रमा मेरो अझै दश दिनको भ्रमण-कार्यक्रम थियो । निकै बेर गलबदी भयो । भ्रष्टाचार र महँगीदेखि लिएर स्थानीय होटेलमा पाइने 'कल गर्ल'बारे समेत खासखुस भयो । तर सापटी पाइएन ।

थोरै तलबमा वर्तमान स्ट्यान्डर्ड मेन्टेन गर्न नसकेको कुरा सरकारी वकिलले झैँ जोडदार तर्कद्वारा मलाई बोध गराए । कुनै सीप नलागेर म उनको हिजाको झुत्रो र थोत्रो साइकल तथा आजको बंगला र मोटरबाइक सम्झिँदै बाहिरिएँ ।

पत्रकारको काम के ? लिन्ठिङ-लिन्ठिङ हल्लनदास । केही महिनापश्चात् काठमाडौंमा एकजना साथीकहाँ भेट्न हिँडेको थिएँ, एउटा नयाँ बनेको बंगला अगाडि देशभक्तलाई उभिएको देखेँ । एउटा समाचार त भेट्टाएँ भनेर उनीतिर लम्किएँ, सहिद स्मारकबारे सोधपुछ गरिहालौँ भनेर ।

'भन्नुस् देशभक्तज्यू ! के हालखबर छ ?'

'हिँ-हिँ-हिँ तपाईंहरूको आशीर्वाद, आउनुस् ।'

उनी गेटबाट पछि हटे, म भित्र पसेँ । बंगला अगाडिका खुला ठाउँमा फूलबारी लगाउने धमाधम रहेछ ।

'अनि त धर्मभक्त-गंगालालहरूका लागि निर्माण कार्य...'

उनले कुरा काट्तै र हाँस्तै भने- 'यै हो ।'

'यै हो !' म अकमक्क परेँ । यो त कुनै आवासीय घर जस्तो देखिन्छ । एउटा डोरीमा, आँगनमाथि झुन्डिएका थिए भर्खर धोएका लुगाहरू- प्यान्ट, कमिज, सारी, पेटीकोट, चोलो, अन्डरबियर इत्यादि ।

'तर तपाईंले त भन्नुभएको थियो धर्मभक्त...' उनी फेरि कुरा काट्तै चिच्च्याए, "यता आओ केटाहरू हो !'

फूल रोप्न थालेका चौध वर्षदेखि पाँच वर्षसम्मका केटाहरू गुर्र कुद्दै आए । अनि उनी भन्न थाले, 'म देशभक्त हुँ, यो जेठो धर्मभक्त हो । यो माइलो गंगालाल हो, यो साइँलो शुक्रराज हो, यो कान्छो दशरथ हो ।'

उनको सत्य-सत्य र यथातथ्य वचन सुनेर म त सिद्धि हराएको लठुवा झैँ ट्वाँ परेर हेरेको हेर्यै भएँ ।

(मनु ब्राजाकीको कथा संग्रह 'तिम्री स्वास्नी र म'बाट)

## अर्जुनधारा प्रेस क्लवको पद हस्तान्तरण



**अर्जुनधारा, बैशाख ४।** गत चैत २१ गते सम्पन्न भएको अर्जुनधारा प्रेस क्लवको दोस्रो अधिवेशनबाट नवनिर्वाचित पदाधिकारी तथा सदस्यहरुको पद हस्तान्तरण कार्यक्रम सम्पन्न भएको छ ।

निर्वाचन समितिका संयोजक दिपीन राईको अध्यक्षतामा आयोजित कार्यक्रममा उनीहरुलाई निर्वाचित भएको प्रमाण-पत्र प्रदान गरिएको थियो ।

कार्यक्रममा संयोजक राई, सदस्य राजेन्द्र चौलागाँई, क्लवका निवर्तमान सचिव एवम् कानून व्यवसायी नरेश खाती लगायतले नवनिर्वाचित अध्यक्ष रमेशकुमार राई "समदर्शी", उपाध्यक्ष प्रेमकुमार आचार्य, सचिव केशवराज भण्डारी, सह-सचिव होमप्रकाश अधिकारी, कोषाध्यक्ष लीला राई, सदस्यहरु चर्तुभूज काफ्ले, नन्दलाल खतिवडा, योगेन दाहाल, रञ्जिता खड्का, बिमला प्रधान र विष्णु श्रेष्ठलाई प्रमाण-पत्र हस्तान्तरण गरेका थिए ।

त्यसैगरी कार्यक्रममा निवर्तमान सचिव खातीले संस्थाको माइन्यूटसहितको कागजातहरु नवनिर्वाचित सचिव भण्डारी र कोषाध्यक्ष राईलाई हस्तान्तरण गरेका थिए । त्यस्तै निवर्तमान सचिव खातीले संस्थालाई सहयोग रकम नगद पुरस्कार पाँच हजार रुपैयाँ हस्तान्तरण गरेका थिए ।

यता नवनिर्वाचित अध्यक्ष राईले अबको कार्यकालमा हाल निर्माणाधीन अवस्थामा रहेको संस्थाको भवन निर्माणको कार्य सम्पन्न गर्ने, संस्थामा आबद्ध सदस्यहरुको लागि विभिन्न तालिमहरु सञ्चालन गर्ने, सञ्चारमैत्री कार्यक्रमहरु सञ्चालन गर्ने, पालिकाभित्र रहेको विभिन्न धार्मिक एवम् पर्यटकीय क्षेत्र सम्बन्धी जानकारीमूलक सूचनासहितको भित्तेपात्रो प्रकाशन गर्ने लगायतका कार्यहरु सम्पन्न गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।

कार्यक्रममा निवर्तमान सचिव खातीले शुभकामना मन्तव्य व्यक्त गरेका थिए । समितिका सदस्य चौलागाँईले स्वागत गरेको कार्यक्रमको सञ्चालन क्लबका संस्थापक कोषाध्यक्ष अमित खम्बूले गरेका थिए ।

त्यस्तै सोही दिन सम्पन्न भएको क्लबको पहिलो बैठकले विभिन्न निर्णय गरेको छ । नवनिर्वाचित अध्यक्ष राईका अनुसार अधिवेशन सम्पन्न गराउन प्रत्यक्षरुपमा सहयोग पुऱ्याउने सबैलाई धन्यवाद ज्ञापन गर्ने, निवर्तमान सचिव एवम् कानून व्यवसायी खातीलाई क्लबको कानूनी सल्लाहकारमा नियुक्त गर्ने, क्लबको बैंक खाता सञ्चालनको लागि हस्ताक्षर परिवर्तन गर्ने र नव वर्ष २०८३ को भित्तेपात्रो प्रकाशन गर्ने निर्णय गरेको बताइएको छ ।


**आयुर्वेद उपचार**

यहाँ पाइल्स, फिस्टुला, फिसरको विशेषज्ञ डाक्टरद्वारा सफल उपचार गरिन्छ। साथै शरीरका सम्पूर्ण रोगहरुको पनि उपचार गरिन्छ ।

**सुश्रुत आयुर्वेद अस्पताल प्रा.लि.**
काँकरभिट्टा रोड, बोलबम पेट्रोलपम्पसँगै काली मन्दिर छेउ, बिर्तामोड
सम्पर्कः ९८१८७९३९८६, ९८५२६८८९८६

---

उच्च गुणस्तर सुलभ मूल्य
**सयपत्री बालुवा प्रशोधन उद्योग**

यहाँ आधुनिक प्रविधिद्वारा प्रशोधित बालुवा, गिटी आदि निर्माणजन्य सामग्री सुपथ मूल्यमा पाइनुका साथै तुरुन्त डेलिभरी समेत गरिन्छ ।
सम्पर्क : ९८६६२४२४६६
Whatsp: ९८४२६५४४००/९८०४९५४४००
अर्जुनधारा नपा- ४, झापा

---

**अब विद्युतीय वाइक बिर्तामोडमा**

वर्तमान इन्धन अभावलाई मध्यनजर गर्दै बिजुलीबाट घरमा सजिलै चार्ज गर्न सकिने तराई पहाडका बाटोमा प्रयोग गर्न मिल्ने विद्युतीय साइकल, स्कुटर किस्ता सुविधामा पनि उपलब्ध छ । चाडै सम्पर्क गर्नुहोला ।
सम्पर्क
बिर्तामोड-४, भद्रपुररोड, नेपाल विद्युत प्राधिकरण गेट पूर्व लक्ष्मण मार्केट
फोन : ९८५२६४२७२७, ९८०५५८२७२७

---

**कलर दोकानको रंगिन बहार**

यहाँ इन्डीगो र के.एन.पी. ब्रान्डका सम्पूर्ण कलरहरु विगत १४ वर्षदेखि बिक्री गरी ग्राहकहरुलाई सेवा दिइरहेका छौं । साथै दक्ष पेन्टरद्वारा आफूले चाहे जस्तै कलरमा घरलाई आकर्षक बनाउन हामीलाई सम्झनुहोस् ।
**कलर दोकान**
बिर्तामोड नगरपालिका-४, भद्रपुररोड ने.वि.प्रा. गेट पूर्व
फोन नं. : ९८५२६७२२२०

---

**कार्की ट्याक्सी सर्भिस**

दमक-बिर्तामोड-दानाबारी-जितपुर-मंगलबारे दैनिक सेवा रिजर्वको लागि पनि हामीलाई सम्झनुहोस्
छुट्ने समय
दमकबाट : बिहान ६ बजे
बिर्तामोडबाट : बिहान ७ बजे
मंगलबारेबाट : दिउसो १२ बजे
सम्पर्क (चालक)
सन्तोष ९८०६०१८१७४, ९८४०३८७६७५
जीवन कार्की ९८१७९४०१७३
मे १ ज १६७०

---

अब बिर्तामोडमा
**डा. पितामबर ठाकुर**
MBBS. MD(TU)
NMC NO. 1914
मेची अञ्चल अस्पतालका Ex-Superintendent वरिष्ठ फिजिसियन
हरेक दिन बिहान ११:०० देखि १:०० र दिउसो ३:०० देखि ५:०० बजेसम्म
के तपाईलाई तलका मध्ये कुनै समस्या छ ?
पेट सम्बन्धी समस्या, मुटु सम्बन्धी समस्या, राति निद्रा नलाग्ने, छाती दुख्ने, फोक्सो सम्बन्धी समस्या, बाथ, थाईराईड, रक्तचाप, मधुमेह
डाक्टर आउने समय : बिहान ११:०० बजेदेखि ५:०० बजेसम्म
(+977) 9817964771, (+977) 023-590008
THAKUR POLYCLINIC, Birtamode-1, Jhapa, Nepal, Opposite of Paschim Bus Stand

---

**आरोग्य मल्टि-स्पेसियलिटी डेन्टल क्लिनिक**

१५ वर्षको अनुभवसँग तपाईंको सेवामा :
हामीले प्रदान गर्ने सेवाहरू :
- दाँतका सम्पूर्ण समस्याको समाधान
- आर्थोडन्टिक उपचार (braces)
- दाँत सफा गर्ने (Scaling)
- ब्रिज, क्राउन र इम्प्लान्ट (implant)
- बालबालिका दाँत उपचार

निःशुल्क चेक-अप र आर्थोडन्टिक परामर्श लिनुहोस् ! तपाईंको सेवामा !
हाम्रो स्थानहरूः बिर्तामोडमा हिकोला रोड, फोन नं. ९८६९१८३०४२
शनिश्चरेमा NIC एशिया बैंकको तल फोन नं. ९८१७०५६११८

---

**उक्त सबै रोगहरुको तत्काल उपचार**

तारा होमियो फार्मेसीमा सम्पूर्ण होमियोप्याथिक औषधि उपलब्ध हुनुका साथै डाक्टरको सेवा पनि उपलब्ध छ ।
पेटका रोगहरुः ग्यास्ट्रिक, पेट दुख्ने, पोल्ने, खाना नपच्ने, अरुचि, पाइल्स, फिस्टुला फिस्सर, मलद्वारमा मासु पलाउने, कब्जियत, जण्डीस
- लिभरका रोगहरु
- महिलाको महिनावारी गडबडी, सानो पेट दुख्ने, पोल्ने, सुन्निने, सेतोपानी जाने, ढाड दुख्ने, स्थनका गाठागुठी आदि ।
- अनुहारको चायाँ पोतो, डण्डिफोर, मुसा, खिल, अैंजेरु, दम, खोकी, बाथ, मृगौलाको पत्थरी, टाउको दुख्ने, निद्रा नलाग्ने, रुघा लागिरहने, एलर्जी, नाक बन्द हुने, नाकमा मासु पलाउने, पिनास, जोर्नी दुख्ने, युरिक एसीड, थाइराइडको समस्या, स्त्री तथा पुरुषका विभिन्न गुप्तरोगहरु, सुगर, ब्लड प्रेसर, कपाल झर्ने, मोटोपन घटाउने आदि ।
**तारा होमियो फार्मेसी**
बिर्तामोड, झापा
फोन नं.:- ०२३-५३१२९८, ९८५२६७२३१६

---

**होटल समृद्धि सुरुङ्गा**

एसी हल, एसी रुम, बर्थ डे हल, शान्त वातावरणमा खाना/बस्नसहितको विशेष सुविधा अब होटल समृद्धि सुरुङ्गमा ।
**होटल समृद्धी**
हरिकुल बोर्डिङ्ग छेउ, हाइवे उत्तर कनकाई नपा, सुरुङ्गा, झापा
सम्पर्क : ९८२२१९५२७३, ९८५२६७१४२२

---

**SUNMAI SPRING**
'थोपा-थोपामा जीवन छ'
HACCP | ISO 9001:2015 | स्वदेशी
स्वास्थ्य जीवनका लागि सुनमाई पानी पिउने बानी बसालौं ।
SUNMAI SPRING
Phone: 530335, 530234
Mob. No. 9801440344

---

**घर ढलान गर्नुछ ?**

तपाईंको सेवामा सधैं
चन्द्र सूर्य आर.एम.सी.
झापा तथा इलाम जिल्लामा घर ढलान, बाटो, पुल-पुलेसाका तथा भौतिक संरचनामा उच्च गुणस्तर कंक्रिट ढलानका लागि आधुनिक रुपमा अनुभवी कामदारबाट काम गर्नुपरेमा सधैंसम्झनुहोस् ।
सेवामा २४सैं घण्टा उपलब्ध छौं ।
सम्पर्क : ९८०२३१३२९०, ९८२४०५७७०७, ९८०२३१३२९३

---

**आधुनिक कृषि औजार चाहिएमा**

के तपाईंलाई आधुनिक कृषि औजार चाहिन्छ ।
प्रिय कृषक दाजुभाइहरु,
तपाईहरुलाई धान गोड्ने, मकै तथा आलु गोड्ने, फलामे हलो, कर्न सिड लाइनर, किटको हलो, गोवर ब्यारो, कम्बाइन सेट, स्टिक कर्न सिडर नग्रे चाहिएमा हामीलाई सम्झनु होस् ।
यहाँ अफिस, स्कूल, कलेज, बगैंचा सजावटका लागि फूल रोप्ने स्टेण्ड समेत उपलब्ध छ ।
नेपालभरि होम डेलिभरीको व्यवस्था छ ।
**कनकाई एग्रो इन्जीनियरिङ**
कनकाई-३, सुरुङ्गा, झापा
प्रो. केशर खड्का
फोनः ९८१६०६००४८, ९८४२१०५५९०

---

**ताप्लेजुङ -पाथीभरा सफल यात्रा**

बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बु, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।
**ताप्लेजुङ पाथीभरा काउन्टर**
मो. : ९८०३२५०४७२, ९८०१३६४०९३

---

**DRISHTI** Eye Care System
TRUSTED BY MORE THAN 1.1 MILLION+ PATIENTS
**प्रत्येक दिन आँखाको शल्यक्रिया**
१) मोतियाबिन्दुको शल्यक्रिया
२) जलविन्दुको शल्यक्रिया
३) आँखाको पर्दा (रेटिना)को शल्यक्रिया
४) आँखाको डेढोपन (छड्के आँखा)को शल्यक्रिया
५) आँखाको नानी प्रत्यारोपण (शल्यक्रिया)
Visit our Website www.drishtieye.org
सबैका लागी दृष्टि सधैंका लागी दृष्टि

---

**Ganapati Bakers**
Finest Bakery in town
**गणपति बेकरीका** परिकारहरुका लागि हामीलाई सम्झनुहोस् ।
सम्पर्क नम्बर :
बिर्तामोड : ९८१०९४४५७७
काँकरभिट्टा : ९८२०५४४५७७
भद्रपुर : ९८२०१४४५७७

---

शुद्ध दूधको स्वस्थ उत्पादन
**कोसेली**
"सुखद् उत्सव होस वा पारिवारिक समारोहमा कोसेली सधैं तपाईहरुको साथमा'
दूध तथा दूधबाट बनेका सम्पूर्ण उत्पादनहरु बिर्तामोड एरियामा होम डेलिभरीसहित उपलब्ध छ। साथै क्याटरिङ्ग तथा पार्टी भोजका लागि चाहिने सम्पूर्ण दुग्ध परिकार र मिनी रसवरी पनि उपलब्ध छ ।
**कालिका डेरी,**
कृषिथोक पूर्वगेट बिर्तामोड,
फोन नं.: ०२३-५३४१२९
९८५२६४४१२९, ९८०२३१३२७२

---

**सिलिङ्ग सम्बन्धीको सम्पूर्ण काम गर्नुपरेमा हामीलाई सम्झनुहोस्**

यहाँ गुणस्तरीय सामानको प्रयोग गरी जिप्सन, फल्ससिलिङ, २x२ जिप्सन तथा २x२ सिमेन्ट बोर्ड सिलिङ्ग साथै पीभीसी सिलिङ्ग र सिमेन्ट बोर्ड पाटेसन सम्बन्धी सम्पूर्ण काम दक्ष प्राविधिकबाट गरिनुका साथै सिलिङ्ग सम्बन्धी सम्पूर्ण सामान होलसेल तथा खुद्रा मूल्यमा उपलब्ध छ। आजै सम्पर्क गर्नुहोस् मौकाको फाइदा लिनुहोस् ।
बिर्तामोड :
झापा फल्स सिलिङ्ग हाउस
९८१७९९७२१२, ९८२५९१४४३०
उर्लाबारी : उर्लाबारी इन्टेरियर डेकोर
फोन नं. : ९८११३४८२४३

---

**सेफ्टी ट्यांकी चाहिएमा**

अब झापामा सेफ्टी ट्यांकी सफा गर्नु परेमा **राम्रो सेफ्टी ट्यांकी**लाई सम्पर्क गर्नुहोस् । *सस्तो, भरपर्दो, छिटो र छरितो सेवा उपलब्ध छ ।*
सम्पर्कः शिवसताक्षी, कन्काई, बिर्तामोड, धुलाबारी, अर्जुनधारा, बुधबारे
**देवराज गिरी**
९८१३६७६६२२/९८४२०७०५८६/९७०६१९६४०६

---

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।
**झापा सेफ्टी ट्यांकी तथा ढल सफाई**
बिर्तामोड सम्पर्क: राजुकुमार श्रेष्ठ ९८५२६४६००५, ९८०६०१०४१०, ९८४२६३४६२, ०२३-५४६००५
दमक सम्पर्कः देवी सिटौला ९८२४९७९१८५, ९८४२७६०२६५, ९८४२३३२४३०
झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

---

**हाडजोर्नी तथा नसाका समस्याहरुको सफल उपचार**

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।
जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा
(फोन : ०२३-५३०१२३, ९८०३१५४६१९, ९८१४०३२६६२, ९७६२९००२८८)


## आजको रासिफल

ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क नं. : ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ)** - विपरीत लिङ्गीसाथीबाट साथ र सहयोग प्राप्त हुनेछ, पराक्रममा वृद्धि हुनेछ, समय उत्तमसिद्धि रहेको छ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)** - आजको दिन लाभदायक रहेको छ, बोलिको भरमा काम बन्नेछ, बोलिमा विचार पुऱ्याउनुहोला ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह)** - स्वास्थ्य प्रतिकुल बनेर जानेछ, तनावमुक्त हुने दिनको शुरुवात भएको छ, स्वास्थ्यमा सुधार आउने छ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)** - पराक्रम बढेर जानेछ, बिग्रन लागेको काम बनिनाले हौशला बढ्नेछ, छोटो दुरीको यात्रा हुनेछ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)** - तपाईको आजको समय शुभ फलदायि रहेको छ, मान-प्रतिष्ठा बढेर जानेछ, धार्मिक गतिविधि बढेर जानेछ ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो)** - लामो दुरीको यात्रा हुने सम्भावना रहेको छ, कार्यसिद्धिको योग परेको छ, टाढिएका मित्रसँग भेट हुनेछ ।

**तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते)** - आज बुद्धिको उपयोगले धन आर्जन गर्ने समय रहेको छ, परिवारका सदस्यबाट शुभ खबर सुनिनेछ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु)** - दिन मध्यम रहेको छ, सोचेको कार्य पूरा हुनेछ, अनावश्यक चिन्ताले शरिर गलेर जानेछ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)** - धार्मिक तिर्थयात्रा हुनेछ, यो समयमा साथीभाइको पूर्ण सहयोग पाइने छ, पराक्रममा बृद्धि हुनेछ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि)** - विशेष व्यक्तिलाई आफ्नो विचारले प्रभावित बनाउन सकिनेछ, पशुचौपायाबाट यथेश्ठ लाभ मिल्नेछ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द)** - समय बलवान रहेको छ, यो अवधिमा नयाँ कामको थालनी गर्नुभएमा तपाइँको लागि लाभदायक हुनेछ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि)** - पारिवारिक सहयोग मिल्नेछ, मनमा खुशी पैदा हुनेछ । तर, आजको दिन लामो यात्रा नगर्नु ।

**मिति २०८३/०१/०४ शुक्रबारको सुनचाँदी मूल्य**

छापावाला सुन प्रति तोला रु. २९९,८००/-
चाँदी प्रति तोला रु. ५,१३०/-

# ज्ञानिक अन्वेषण तथा विज्ञान–गणित प्रदर्शनी २०८३

**खोटाङ, बैशाख ४।** जिल्लाको प्रमुख व्यापारिक केन्द्र दिक्तेल बजारमा 'वैज्ञानिक अन्वेषण तथा विज्ञान-गणित प्रदर्शनी-२०८३' महोत्सव शुरु भएको छ।

विद्यार्थी तथा युवापुस्तामा विज्ञान र प्रविधिप्रति रुचि बढाउँदै आगामी दिनमा वैज्ञानिक उत्पादन गर्ने उद्देश्यका साथ जिल्लामा पहिलोपटक वैज्ञानिक अन्वेषण तथा विज्ञान-गणित प्रदर्शनी महोत्सवको आयोजना गरिएको हो ।

कोशी प्रदेश सरकार सामाजिक विकास मन्त्रालयको आर्थिक सहयोगमा दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका, शुभम् फाउन्डेसन र हिमालयन माध्यमिक विद्यालय सोल्माले संयुक्त रूपमा आयोजना गरेको महोत्सवमा ८२ वटा स्टल राखिएको छ। यही बैशाख ७ गतेसम्म सञ्चालन हुने महोत्सवमा खोटाङका २१ माध्यमिक विद्यालयको ६४ वटा तथा राजधानीसहित बाहिरी जिल्लाका १५ वटा विद्यालयको १८ वटा स्टल रहेको आयोजक समितिका स्टल संयोजक भूपाल राईले जानकारी दिए ।

स्थानीय स्रोतसाधन प्रयोग गरेर आयोजना गरिएको महोत्सवमा परियोजना प्रतिस्पर्धा समेत गराइने आयोजकले जनाएको छ। नगरपालिकाभित्र सञ्चालित सबै माध्यमिक तहका विद्यालय तथा देशभरका विद्यार्थीको सहभागिता रहेको महोत्सवको परियोजना प्रतिस्पर्धामा प्रथम, द्वितीय र तृतीय हुने विद्यालय तथा विद्यार्थीलाई क्रमशः नगद रु. २० हजार, रु. १० हजार र रु. पाँच हजार पुरस्कार प्रदान गरिने जनाइएको छ ।

प्रदर्शनीमा विद्यार्थीले तयार पारेका विज्ञानसम्बन्धी परियोजना, एआई प्रविधिमा आधारित नमूना प्रस्तुति तथा अन्तरक्रियात्मक स्टलहरू राखिएको महोत्सव आयोजक समितिका संयोजक एवम् शुभम् फाउन्डेसनका कार्यकारी निर्देशक सूर्यबहादुर राईले जानकारी दिए ।

दिक्तेल रूपाकोट मझुवागढी-२ सोल्मास्थित शुभम् फाउन्डेसनमा आयोजना गरिएको महोत्सवमा रोबो-कार रेसमा प्रथम हुनेलाई नगद रु. १५ हजार, द्वितीय हुनेलाई रु. १० हजार र तृतीय हुनेलाई रु. पाँच हजार प्रदान गरिने आयोजकले जनाएको छ ।


## विद्युत सामग्री मर्मत

यहाँ मोटर, पंखा, जग, मिक्चर लगायत सम्पूर्ण विद्युतीय उपकरणहरु ग्यारेन्टीका साथ मर्मत गरिन्छ ।
**स्थान :** हिकोला हेरीटेजबाट उत्तर डेनियल होटल निस्किने गल्लीमा
**शिवशक्ति इलेक्ट्रीकल**
प्रो. सुरेश पोखेल
फोन :- ९८१७९४७५६७


## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

*दोस्रो पटक प्रकाशित मिति : २०८३/०१/०५*

यस कम्पनीको मिति २०८२/१२/२५ मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम साबिकको कम्पनी एस.डि. बुशान एजुकेशन कन्सल्टेन्सी प्रा. लि. (प्रा.लि. नं. ३१८४४१) को नाममा रहेको सम्पूर्ण चलअचल सम्पत्ति तथा तिर्न व्यहोर्नुपर्ने ऋण, धन, कर, दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने, व्यहोर्ने गरी श्री कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८३/०१/०२ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी सोसियल एजुकेशन एण्ड ट्रेनिङ सेन्टर प्रा.लि. कायम गरिएको व्यहोरा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।


## वैदेशिक रोजगार

के तपाई विदेश जान चाहनुहुन्छ ? यदि सस्तो, भरपर्दो र विश्वासिलो मेनपावरको खोजीमा हुनुहुन्छ भने **ब्रदर्श इन्टरनेशनल इम्प्लोइमेन्ट प्रालिलाई** सम्झनुहोस् । **हामी दुबई, कतार, कुवेत, मलेशिया, साउदी अरबमा डाइरेक्ट कम्पनीमा कामदारहरु पठाउने व्यवस्था गरिएको छ ।**

सम्पर्कः ९८०१४०१३००, ९८०१४२७३०१, ९८०१४२७३०२
बिर्तामोड, झापा

## वैदेशिक रोजगार

अब वैदेशिक रोजगारीका लागि भरपर्दो मेनपावर बिर्तामोडमा
हामीलाई सम्पर्क गर्नुहोस्। बिना झन्झट राम्रो तलब (सेलरी)मा तपाईलाई वैदेशिक रोजगारमा हामी पठाउँछौं।
सम्पर्क :
GLOBAL RECRUIT EXPERTS
Branch Office: Birtamode, Jhapa
Near Aduwa Khola Behind Binayak hotel
Birtamode, jhapa, Nepal
Phone No. :
023-590528, 9702959640, 9702959641, 9702959642, 9702959643, 9806004031
email: globalrecruitexperts9@gmail.com

## UAE मा रोजगारीको अवसर

UNited International Group
७ दिनमा भिषा आउने
कम्पनी: युनाइटेड इन्टरनेशन ग्रुप LT No . 309924
पद : मेसन, कार्पेन्टर, स्टील फिक्चर, हेल्पर
ASIA LINK SERVICES (P) LTD .
BRANCH OFFICE : BIRTAMOD, JHAPA
Tel: 023-535072 / 531287
Mob: 9852674809 / 9863714421
9807963795 / 9816015488
email:
asialinkjhapa@gmail.com
phagdhakgroup@gmail.com

## वैदेशिक रोजगार

यहाँबाट दुबई, कतार, कुवेत, मलेशिया, साउदी अरब लगायतका देशहरुमा भरपर्दो राम्रो कम्पनीमा कामदारहरु पठाउने व्यवस्था गरिएको छ । सम्पर्क गर्नुहोला ।
HK EMPLOYMENT SERVICES PRIVATE LIMITED
सम्पर्कः ९८४२६३४८७४, ९८१६०४९८७६, ०२३-५३५९७३
बिर्तामोड, झापा


## भूमिसुधार कार्यालय भद्रपुर, झापाको
## मोही हकदावी सम्बन्धी सूचना

निम्न लिखित विवरण भएको जग्गाको जग्गाधनीबाट मोहीले उक्त जग्गा जोतभोग गर्न छाडेको/बेपत्ता भएकोले मोहीको लगतकट्टा गरिपाउँ भनी यस कार्यालयमा निवेदन पर्न आएकोले विशेष अदालत ऐन २०५९ को दफा १० (९) बमोजिम यो सूचना प्रकाशित गरिएको छ। यस उपर कुनै दावी विरोध भएमा यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र आवश्यक प्रमाणसहित यस कार्यालयमा निवेदन दिनुहोला। तोकिएको समय अवधिभित्र विरोध नभएमा भू.सु. ऐन २०२१ बमोजिम मोही लगत कट्टा भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।

| जग्गाधनीको विवरण | जग्गा ठेगाना | कि.नं. | क्षेत्रफल | मोहीको नाम, थर |
|---|---|---|---|---|
| रेखा कुमारी राजवंशी | बनियानी-९ | ८२८ | ६७७.२६ | फरजुल मिया |
| राम बहादुर बुढाथोकी | राजगढ-२ | २८४०<br>२८३९ | ३५७५.००<br>२७१०.०० | सोभा राजवंशी/सोभा बाबु राजवंशी |
| राजेन्द्र राजवंशी | ज्यामिरगढी-९ | १४९६ | ०-१-०.५ | मुलुकचन/भुलुबचन राजवंशी |
| दिपक खडका | दमक-५ | १६६४ | ०-७-० | अमरलाल माझी/भमर लाल राजवंशी |
| सुशन बजगाई | दमक-१६ | १८९ | २९०.०० | रघुनाथ रेग्मी/पुण्ग प्रसाद रेग्मी |
| सुशन बजगाई | बैगुनधुरा-७ | ८०<br>४३२<br>४३५<br>४३६<br>६३७ | ३७०.००<br>१०००.००<br>४८०.००<br>२२१०.००<br>१४५२१.३४ | जिवनाथ न्यौपाने/जोखन सतार |


नव बर्ष २०८३ को शुभकामना

**नव वर्ष २०८३** को शुभ अवसरमा हाम्रा समस्त शेयर सदस्य महानुभाव, सरकारी तथा गैह्र सरकारी संघ-संस्थाका पदाधिकारी, शुभेच्छुक लगायत देश-विदेशमा रहनुहुने सम्पूर्ण नेपालीजनमा सुख, शान्ति, सु-स्वास्थ्य र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
मणिराज दंगाल (सचिव) डिल्लीराम न्यौपाने (व्यवस्थापक) हिमालयप्रसाद कन्दङ्वा (अध्यक्ष)
**जनशक्ति बचत तथा ऋण सहकारी संस्था लि. परिवार**, बिर्तामोड, झापा

नव बर्ष २०८३ को शुभकामना

**नव वर्ष २०८३** को शुभ अवसरमा हाम्रा समस्त ग्राहकवर्ग, व्यवसायी, शुभेच्छुक लगायत देश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपालीजनमा सुख, शान्ति, सु-स्वास्थ्य र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
रविन कार्की : प्रोपाइटर
एवम् **आर. के. इन्टरप्राइजेज परिवार**
बिर्तामोड, झापा (गोल्ड स्टारको आधिकारिक विक्रेता)

नव बर्ष २०८३ को शुभकामना

**नव वर्ष २०८३** को शुभ अवसरमा हाम्रा समस्त शेयर सदस्य महानुभाव, सरकारी तथा गैह्र सरकारी संघ-संस्थाका पदाधिकारी, शुभेच्छुक लगायत देश-विदेशमा रहनुहुने सम्पूर्ण नेपालीजनमा सुख, शान्ति, सु-स्वास्थ्य र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
लवकुमार चौधरी : अध्यक्ष एवम्
**श्री गौरवशाली बचत तथा ऋण सहकारी संस्था लि. परिवार**
बिर्तामोड-५, झापा

नव बर्ष २०८३ को शुभकामना

**नव वर्ष २०८३** को शुभ अवसरमा हाम्रा समस्त मजदुर, कर्मचारी, उपभोक्ता, शुभेच्छुक लगायत देश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपालीजनमा सुख, शान्ति, सु-स्वास्थ्य र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
हरि गिरी/कुमार गिरी/प्रकाश गिरी
एवम् **बुट्टाबारी टी. प्रा. लि. परिवार**, बिर्तामोड-६, झापा

नव बर्ष २०८३ को शुभकामना

**नव वर्ष २०८३** को शुभ अवसरमा हाम्रा समस्त शेयर सदस्य महानुभाव, सरकारी तथा गैह्र सरकारी संघ-संस्थाका पदाधिकारी, शुभेच्छुक लगायत देश-विदेशमा रहनुहुने सम्पूर्ण नेपालीजनमा सुख, शान्ति, सु-स्वास्थ्य र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
रमेशकुमार खतिवडा : सचिव एवम् देवेन्द्रकुमार सिंह : अध्यक्ष
**माँ लक्ष्मी बचत तथा ऋण सहकारी संस्था परिवार**, बिर्तामोड, झापा

नव बर्ष २०८३ को शुभकामना

**नव वर्ष २०८३** को शुभ अवसरमा हाम्रा समस्त अभिभावक महानुभाव, विद्यार्थी, सरकारी तथा गैह्र सरकारी संघ-संस्थाका पदाधिकारी, शुभेच्छुक लगायत देशविदेशमा रहनुहुने सम्पूर्ण नेपाली जनमा सुख, शान्ति, सु-स्वास्थ्य र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
शान्ता गिरी : प्रिन्सिपल एवम् खड्ग गिरी : अध्यक्ष
**हिमाली एजुकेशन फाउण्डेशन परिवार**, अर्जुनधारा-६, झापा

नव बर्ष २०८३ को शुभकामना

**नव वर्ष २०८३** को शुभ अवसरमा हाम्रा समस्त सेवाग्राही, कर्मचारी, शुभेच्छुक लगायत देश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपालीजनमा सुख, शान्ति, सु-स्वास्थ्य र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
nrl Leading the way... in diagnostics
**NRL**
Birtamode, Jhapa
Phone No. : 023-531494
(Medical Loboratory in Birtamode)

नव बर्ष २०८३ को शुभकामना

**नव वर्ष २०८३** को शुभ अवसरमा हाम्रा समस्त शुभेच्छुक लगायत देश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपालीजनमा सुख, शान्ति, सु-स्वास्थ्य र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
**निर्मल भट्टराई**
**सुमित्रा भट्टराई**
बिर्तामोड, झापा

नव बर्ष २०८३ को शुभकामना

**नव वर्ष २०८३** को शुभ अवसरमा हाम्रा समस्त शेयर सदस्य महानुभाव, सरकारी तथा गैह्र सरकारी संघ-संस्थाका पदाधिकारी, शुभेच्छुक लगायत देश-विदेशमा रहनुहुने सम्पूर्ण नेपालीजनमा सुख, शान्ति, सु-स्वास्थ्य र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
**भिमप्रसाद राजवंशी**
अध्यक्ष
**श्री रामजानकी बचत तथा ऋण सहकारी संस्था लि.**, बिर्तामोड, झापा

नव बर्ष २०८३ को शुभकामना

**नव वर्ष २०८३** को शुभ अवसरमा हाम्रा समस्त उपभोक्ता वर्ग, कर्मचारी, संघ-संस्था, शुभेच्छुक लगायत देश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपालीजनमा सुख, शान्ति, सु-स्वास्थ्य र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
**पारस मैनाली** (सचिव) एवम् **मेघराज बाँस्तोला** (अध्यक्ष)
**बिर्तामोड साना सहरी खानेपानी तथा सरसफाई उपभोक्ता समिति परिवार**
बिर्तामोड, झापा

नव बर्ष २०८३ को शुभकामना

**नव वर्ष २०८३** को शुभ अवसरमा हाम्रा समस्त अभिभावक महानुभाव, विद्यार्थी, सरकारी तथा गैह्र सरकारी संघ-संस्थाका पदाधिकारी, शुभेच्छुक लगायत देशविदेशमा रहनुहुने सम्पूर्ण नेपाली जनमा सुख, शान्ति, सु-स्वास्थ्य र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
दिपक चम्लागाँई (प्रिन्सिपल) बद्री बाँस्कोटा (भाइस प्रिन्सिपल) डिल्ली चम्लागाँई (एकाउण्टेन्ट)
**कञ्चन इङ्लिस स्कूल**
बिर्तामोड-७, झापा

नव बर्ष २०८३ को शुभकामना

**नव वर्ष २०८३** को शुभ अवसरमा हाम्रा समस्त शुभेच्छुक लगायत देश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपालीजनमा सुख, शान्ति, सु-स्वास्थ्य र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
**ओम कृष्ण विमली**
**पार्वती विमली**
बिर्तामोड, झापा